छिन्नमस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता , सप्तरी
मधेश,प्रदेश,नेपाल

## गहुँको उन्नत बीउ खरिद सम्बन्धि बोलपत्र आहवानको सुचना

(दोस्रो पटक प्रकाशित मिति :२०७९/०८/११)

यस कार्यालयको चालु आ.व.२०७९/०८० मा गहुँवाली प्रवर्धन कार्यक्रम (शसर्त) कार्यक्रम अन्तर्गत ५० % अनुदानमा गहुँको उन्नत बीउ वितरण गर्न आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक बीउ बिजनको कारोबार गर्न इजाजत प्राप्त बिक्रेता वा कृषक समुह वा बीउ उत्पादक कम्पनि वा कृषि सहकारी संस्थाहरुबाट उन्नत गहुँको बीउ आपूर्ति गर्न यो सुचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम बोलपत्र आहवान गरिएको छ ।

१। बोलपत्र आहवानको सुचना राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र रु ३०००/-(तिन हजार पछी फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद,आ.व.२०७९/८० का लागि नबिकरण भएको दर्ता प्रमाण पत्र,मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र र आ.व.२०७८/०७९ सम्म कर तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरू,सम्बन्धित निकायमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि,बीउ बिजन बिक्री वितरणको इजाजत पत्र,आपूर्ति गरिने बीउको हरेक लटको आधिकारिक प्रयोगशालाबाट परीक्षण गरिएको बीउ परिक्षण सम्बन्धि प्रतिबेदन,स्थायी लेखा नं.आ.व.२०७८/०७९ को लेखापरीक्षण प्रतिबेदन,खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयम उपस्थित नभएमा निजको मन्जुरनामाको सक्कलै निबेदन संलग्न गरी यस कार्यालयको कृषि बिकास शाखाबाट बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ ।

२। यस कार्यालको प्रमुखले दस्तखत गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरी सोहि फारममा बोलपत्र पेश गर्नु पर्नेछ ।

३। बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं.स्पस्ट उल्लेख गरी आपुर्तिकर्ताको नाम र छाप लगाएको सिलबन्दीको लाहाछापको नाम र संख्या स्पस्ट उल्लेख हुनुपर्नेछ ।

४। यस कार्यालयबाट विक्री नभएको,जमानत संलग्न भई नआएको,एउटाको जमानत अर्कोमा रहेको,बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको,सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको,बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

५। बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको १२ :०० बजे भित्र दर्ता गराउनु पर्नेछ । तोकेको मिति तथा समय भन्दा पछी बुझाएको बोलपत्र स्वीकार गरिने छैन । सोहि दिनको २:०० बजे उपस्थित भएका बोलपत्र दाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

६। बोलपत्र दाताले धरौटी बापतको रकम रु १,०१,०००/- (एक लाख एक हजार) मात्र छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय,छिन्नाम्स्ताको बैंक अफ काठमान्डौ,शाखा कार्यालय,छिन्नमस्ता रहेको कार्यालयको धरौटी खाता नं. ०१८३००००००८५२४ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारलाई मान्य हुने बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको जमानत (बिड बणड) वोलपत्र साथ् पेश गर्नुपर्नेछ । घटी म्याद वा घटी रकम समाबेस भएको बोलपत्र उपर कार्वाहि हुने छैन ।

७। बोलपत्र खरिद गर्ने,दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन बोलपत्र खरिद गर्न,दाखिला गर्ने र खोल्न सकिनेछ ।

८। पेश भएको बोलपत्र कबुल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।

९। पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सुचना रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१०। म्याद नाघी आएको,रित नपुगेको,शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कार्वाहि गरिने छैन ।

११। एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१२। खरिद गरिने सामाग्रीको तोकिएको स्पेसिफिकेशन अनुसार गर्नु पर्नेछ ।

१३। यसमा उल्लेख भए देखि वाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियामावली २०६४,बीउ बिजन नियामावली २०६९ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१४। यस सम्बन्धि थप जानकारी आवश्यक परेमा यस कार्यालयको मोबाइल नं.९८५२८२१५६७

तपसिल :

| ठेक्का नं. | ठेक्काको विवरण | कुल लागत अनुमान रु | फारम दस्तुर रु | धरौटी रकम रु |
|---|---|---|---|---|
| ०१-२०७९/०८० छिन्नमस्ता कृषि विकास शाखा,कोचाबखारी | गहुँवाली प्रवर्धन कार्यक्रम (शसर्त) कार्यक्रम अन्तर्गत ५०% अनुदानमा गहुँको उन्नत बीउ वितरण (एन.एल.२९७,गौतम,विजय) | रु ४०,४०,०००/- (कार्यालयको ५०% र कृषकहरुको ५०% गरी जम्मा रकम) | रु ३०००/- | रु १०१०००/- |

छिन्नमस्ता गाउँपालिका,सप्तरी ।

प्रमुख प्रशासकीय अधिकृत